# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ



प.स :०८१/०८२
च.न

गण्डकी प्रदेश,नेपाल
मिति : २०८१/०७/२९ गते

**सुरक्षित आप्रवासन (SAMI) कार्यक्रममा लागि आवश्यक जनशक्ति करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।**

( दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०७/२९)

प्रस्तुत विषयमा यस तमानखोला गाउँपालिकाका लागि सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्न तपसिलमा उल्लेखित पदमा करार सेवामा कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरिएको छ । सूचना प्रकाशन भएको मितिले ०७ (सात) दिनभित्र रित पूर्वक आवेदन भरी माग बमोजिमका विवरण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| वि.नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| ०३/०८१-८२ | मनोसामाजिक परामर्शकर्ता | १ जना | |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :** - कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिएको ।
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।
- आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम प्राप्त गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।

**२. उमेरको हद :** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**३. सेवा सुविधा :** कार्यक्रमको नियमानुसार ।

**४.आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।

- नेपाली नागरिकता ।
- न्यूनतम योग्यताको लबधांक प्रमाणपत्र ।
- चारित्रिक प्रमाणपत्र ।
- अनुभव खुल्ने कागजात ।
- दुई प्रति पासपोर्ट साइज फोटो ।

**५. आवेदन शुल्क :** रु. ५००।—

**६. छनौट किसिम :** लिखित, कम्प्युटर प्रयोगात्मक तथा अन्तर्वार्ता ।

**७. दरखास्त बुझाउने स्थान :** तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बोंगादोभान, बागलुङ ।

८. आवेदन फाराम यस कार्यालयको वेवसाइट www.tamankholamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत